# गाउँपालिका अध्यक्ष श्री गोपाल बहादुर थापा मगर ज्यूद्वारा
# गाउँ सभाको बैठकमा प्रस्तुत गर्नु भएको
# आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम

**विजयगनर गाउँपालिका**

**खुरुहुरीया,कपिलवस्तु**

**लुम्बिनी प्रदेश,नेपाल**

**मितिः २०८३/०३/०९ गते**

**आदरणीय**

**गाउँसभा सदस्य ज्यूहरु, सभाका सचिव, राष्ट्रसेवक कर्मचारीहरु, संचारकर्मी, सुरक्षाकर्मी लगायत उपस्थित सम्पूर्ण महानुभावहरुलाई विजयनगर गाउँपालिकाको दोस्रो गाउँसभाको नवौं अधिवेशनको यस गरिमामय पहिलो बैठकमा हार्दिक स्वागत व्यक्त गर्न चाहान्छु ।**

**"कृषि, पर्यावरण, पर्यटन र पूर्वाधारः समृद्ध विजयनगरको आधार"** भन्ने मुख्य सोचका साथ सम्पन्न हुन गइरहेको विजयनगर गाउँपालिकाको दोस्रो गाउँसभाको ९ औं अधिवेशनका अवसरमा देश र जनताको लागि मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समयमा भएका आन्दोलन, लोकतन्त्रको स्थापना तथा आमुल परिवर्तनका निम्ति नेपाली जनताले पटक पटक गर्दै आएका क्रान्ति, सशस्त्र संघर्ष, जनआन्दोलन, लगायत सवै प्रकारका आन्दोलन, त्याग र वलिदानको गौरवपुर्ण इतिहासलाई स्मरण गर्दै देश र जनताका निम्ति जीवन उत्सर्ग गर्ने अमर शहिदहरु प्रति उच्च श्रद्धाका साथ भावपुर्ण श्रद्धान्जली अर्पण गर्दछु। त्यसै गरी यस गाउँपालिकाका गाउँ सभा सदस्य स्वर्गिय बली माया कमिनी, सभा सदस्य स्वर्गिय माधुरी लोहार र पूर्व सभा सदस्य स्वर्गिय अब्दुल रहिमान खाँ, स्वर्गिय सुरेन्द्र कुमार कुर्मी लगायत यस गाउँपालिकामा बिभिन्न कारणले मृत्यु भएका मृतकहरु प्रति हार्दिक श्रद्धाञ्जली एवं परिवार प्रति समबेदना व्यक्त गर्दछु | बिभिन्न आन्दोलनका दौरानमा वेपत्ता तथा घाइते हुनुभएका वीर योद्धाहरु र उहाँहरुका पीडित परिवारहरु प्रति हार्दिक सम्मान व्यक्त गर्दछु । मुलुकको आर्थिक समृद्धि र स्थानीयस्तरमा लोकतन्त्रको अभ्यास गर्ने अवसर हामीले उपयोग गर्दै आई रहेको यसै सन्दर्भमा हामीलाई सहयोग गर्नुहुने सम्पुर्ण जनप्रतिनिधिहरु, राजनीतिक दलहरु, सुरक्षकर्मी, राष्ट्रसेवक कर्मचारीहरु, संघीय सरकार, प्रदेश सरकार तथा प्रत्यक्ष /अप्रत्यक्ष गाउँपालिकालाई सहयोग पुराउनु हुने सबैमा धन्यवाद ज्ञापन गर्दछु।

नेपालको संविधानले संस्थागत गरेको संघीय शासन प्रणाली अन्तर्गत जनताको अमुल्य मतको आधारमा स्थापित स्थानीय सरकारको दोस्रो गाउँसभाको ९ औ अधिबेशन आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रमको प्रस्तुत गर्न पाउँदा म गौरवान्वीत भएको छु। नेपालको संविधान जारी भएपछि संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत भएको छ, अब समाजको समग्र परिर्वतका लागि गरिवी, अशिक्षा पछौटेपनलाई हटाई सम्वृद्धि हासिलका लागि स्थानीय सरकारले दिशानिर्देश गर्ने छ। यही अवसरमा आ. ब. २०८३/०८४ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्दा निर्वाचन ताका हामीले जनता समक्ष गरको वाचाहरु, हामीले निर्माण गरेको घोषणापत्र, नेपालको संबिधानले निर्दिष्ट गरेका नागरिकहरुका मौलिक हकको संरक्षण, स्थानीय सरकार संचालन ऐनले तोकेका स्थानीय तहका अधिकारहरु र आम नागरिकहरुले गरेका अपेक्षाहरु सके सम्म पुरा गर्ने गरी स्थानीय सरकारले अवलम्वन गर्ने नीति र कार्यक्रम लाई नागरिकको चाहना पुरा गर्ने गरी निर्माण

गरिएको, आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमको वारेमा संक्षिप्त जानकारी गराउन चाहन्छु ।

**सभाका सदस्य ज्यूहरु ,**

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयार गर्दा निम्न पक्षलाई मुख्य मार्गनिर्देशनको रुपमा लिइएको छ ।

- **नेपालको संविधान, २०७२,**
- **स्थानीय सरकार संचालन ऐन,२०७४**
- **राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन,२०७४,**
- **अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४,**
- **नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारले तर्जमा गरेका नीति तथा कार्यक्रम,**
- **दिगो विकासका लक्ष्यहरु,**
- **नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारका आवधिक योजनाहरु,**
- **नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा विकास सम्बन्धी नीतिहरु,**
- **विजयनगर गाउँपालिकावासीका आवश्यकता र अपेक्षाहरु**

**सभाका सदस्य ज्यूहरु ,**

विभिन्न जातजाति, भाषा, धर्म एवं सांस्कृतिक विविधता बिच एकता कायम गरी समुन्नत एवं समृद्ध गाउँपालिका रुपमा संस्थागत गरी राजनीतिक परिवर्तनको लाभ नागरिक समक्ष पुऱ्याउन निर्मित कानूनको चुस्त कार्यान्वयन, आवश्यक कानूनको निर्माण, जनशक्ति व्यवस्थापन, सेवा प्रवाह, विकास व्यवस्थापन लगायतका आधारभूत कार्यहरु सम्पन्न गरी **"कृषि, पर्यावरण, पर्यटन र पूर्वाधारः समृद्ध विजयनगरको आधार" सहित** दीर्घकालिन सोँच हासिल गर्न प्रयत्नशिल छौं ।

**सभाका सदस्यज्यूहरु ,**

अव म यस आगामी आ.व. २०८३/०८४ मा यस गाउँपालिकाले आर्थिक विकास क्षेत्र अन्तर्गत लिने नीति तथा कार्यक्रम प्रस्तुत गर्ने चाहान्छुः

१.गाउँपालिकाको आफ्नै श्रोत र साझेदारी निकायसँगको सहकार्यमा परम्परागत कृषि प्रणालीलाई व्यवसायीक तथा आधुनिक प्रणालीमा रुपान्तरणका लागि आवश्यक ज्ञान, सीप तथा यान्त्रिकरण एवं सिंचाई पहुँच विस्तारमा विशेष जोड दिइनेछ ।

२.७५ प्रतिशत अनुदानमा **थोपा सिँचाई आयोजना** कार्यान्वयन तथा तरकारी मिनिकिट, विषादी तथा भिटामिन वितरणका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३. कृषि पेशालाई व्यवसायीकरण, यान्त्रिकरण, आधुनिकीकरण र विविधिकरण गर्नका लागि गाउँपालिकाले साझेदार निकाय, संघ र प्रदेश सहकार्य कार्यक्रम संचालन गरिनेछ ।

४.व्यवसायिक रुपमा च्याउ खेती तथा बेमौसमी तरकारी खेती गर्ने कृषकहरुलाई प्रोत्साहित गर्न आवश्यक वीउ, विषादी अनुदानमा वितरण कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

५.राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम संचालित पकेट विकास कार्यक्रमको निरन्तरता दिईनेछ ।

६.विजयनगर गाउँपालिकालाई कृषिमा आधुनिकिकरण,व्यवसायिकरण गर्दै कृषि उत्पादनमा आत्मनिर्भर बनाउने र जनआपेक्षा अनुसार जनताका साझा समस्या समाधान गर्ने प्रकृतिका कृषि क्षेत्रका जनतालाई राहत प्रदान गर्ने तथा आशा जगाउने किसिमका आवश्यक रणनीति निर्माण गरिनेछ ।

७.पशु (गाई, भैसी, भेडाबाख्रा, बंगुर....) पालनलाई व्यवसायीकता उन्मुख बनाउँदै दुग्धजन्य एवं मासुजन्य उत्पादन र उत्पादकत्वमा उल्लेख्य वृद्धि गर्नका लागि पशुपन्छीका लागि निशुल्क औषधी वितरण गरिनेछ ।

८.कृषकहरुलाई प्रोत्साहित गर्दै डोर टु डोर बाझोपन नियन्त्रण कार्यक्रमलाई निरन्तरता दिईनेछ । व्यवसायिकरणका लागि प्रतिफलमा मागमा आधारित कार्यक्रम संचालन गरिनेछ ।

९.प्राकृतिक तथा कृत्रिम गर्भाधानको माध्यमबाट नश्ल सुधार गरी पशुजन्य उत्पादन र उत्पादकत्वमा वृद्धि गरिनेछ,

१०.रोगजन्य तथा विपतजन्य कारणबाट कृषकहरुलाई पर्ने असर, प्रभाव र क्षतिलाई न्यूनिकरण गर्न आपतकालिन उपचार तथा महामारी नियन्त्रणका कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**११.** पशुजन्य उत्पादन तथा उत्पादकत्व बढाउन ५० प्रतिशत अनुदानमा भिटामिन तथा मिनरल कार्यक्रम संचालन गरिनेछ र व्यवसायिक पशुपालक कृषि तालिम तथा ७५ प्रतिशत अनुदानमा आधारित रेबिज खोप कार्यक्रम संचालन गरिनेछ ।
**१२.** गाई भैसीहरुलाई सुत्केरी वापत रु. १००० का दरले पोषणयुक्त सामग्री वितरण गरी कृषकलाई पशुपालन प्रति आकर्षण गरिनेछ ।

**१३.** स्थानीय कला, भाषा संस्कृतिको संरक्षण, सम्वर्द्धनका लागि आर्थिक सहयोगका कार्यक्रम संचालन गरिनेछ,। गाउँपालिकाले स्थानीय भाषा, कला, सहित्य, परम्परागत संस्कृति संरक्षण सम्बर्द्धन गाउँपालिकाले बिशेष नीति अवलम्बन गरिनेछ ।

**१४.** लामो समयदेखि सम्पन्न हुन नसकेको भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासी सम्बन्धी समस्या समाधान सम्बन्धी आधारभूत कार्य यसै आर्थिक वर्ष भित्रै सम्पन्न गर्नका लागि भूमिसम्बन्धी समस्या समाधान आयोगसँग अधिकतम समन्वय गरी आवश्यक प्रकृया अगाडी बढाउन जनशक्ति र श्रोतको अभाव हुन दिइनेछैन ।भूमिको उचित प्रयोग गर्न गाउँपालिकाबाट निर्मित भू-उपयोग योजनालाई समय सापेक्ष बनाई कार्यान्वयन गर्दै लगिनेछ ।

**१५.** सहकारी क्षेत्रमा सिर्जित समस्याहरुबाट गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका सहकारीलाई प्रभावित हुन नदिन नियमित अनुगमन एवं नियमन गर्दै सहकारी संस्थामा आवद्ध सदस्यहरुको उद्यमशिलता विकास गरी उत्पादनमूलक क्षेत्रमा आवद्ध गरिनेछ ।

**१६.** सहकारी संस्थाहरुको क्षमता विकासका सहाकारीका व्यवस्थापकलाई **COPOMIS** तालिम संचालन गरिनेछ र सहकारी ऐन जारी गरि सहकारी संस्थालाई सहकारी सिद्धान्त, मूल्य मान्यतामा आबद्ध गरी सहकारी क्षेत्रको व्यवस्थापन गरिनेछ ।

**१७. उद्यमी** बन्न चाहाने नागरिकलाई आवश्यक सीप, प्रविधि र अनुदान हस्तान्तरण मार्फत उद्यमशिलता प्रवर्द्धन गर्न संघीय सर्शत अनुदान कार्यक्रमसँग आवश्यक साझेदारी गरिनेछ, । युवा लक्षित मागमा आधारित सीप विकासका तालिमहरु सञ्चालन गरी स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ ।

**१८. लघु** उद्मम विकास कार्यक्रम मार्फत प्रत्यक्ष रोजगारी सिर्जना र गरिबी निवारणका लागि कार्यक्रम संचालन गरिनेछ ।गाउँपालिकाले नयाँ उद्ममी तयार गर्न बिशेष नीति अवलम्बन गर्नेछ । विभिन्न सहयोगी संस्था सँग सहकार्य गरी लघु उद्मम विकास कार्यक्रम मार्फत तयार भएका उद्ममीलाई आवश्यक प्रविधि तथा उपकरण हस्तान्तरण गरिनेछ ।

**१९. उत्पादन** र उद्यमशिलता मार्फत रोजगारी सिर्जना तथा न्युनतम रोजगारीको प्रत्याभूति,सिप विकास,उद्यशिलता प्रबर्द्धन र पुनःएकीकरण सम्बन्धि क्रियाकलाप स्थानिय तहको शत प्रतिशत लागत साझेदारीमा संचालन गरिनेछ ।

**२०. वित्तिय** क्षेत्र तथा अन्य निजी क्षेत्रबाट प्राप्त हुने सामाजिक उत्तरदायित्वका कार्यक्रम विजयनगर गाउँपालिकाको आवश्यकता र प्राथमिकता प्राप्त क्षेत्रमा लागानी गर्न प्रभावकारी समन्वय गरिनेछ ।

**२१. श्रमको** सम्मान गरी रोजगार प्रबर्द्धन गर्ने कार्यक्रमलाई उच्च प्राथमिकता प्रदान गरिनेछ ।

**२२. स्थानीय** बिभिन्न धर्म तथा जातजातिको भाषा, कला, संस्कृति र रितिरिवाजको संरक्षणका लागि गाउँपालिका बिशेष पहल गर्ने छ । विविधता विच एकता कायम गरी आन्तरिक पर्यटन प्रबर्द्धन गरिनेछ ।

**सभाका सदस्यज्यूहरु ,**

**अव म यस आगामी आ.व. २०८३/०८४ मा विजयनगर गाउँपालिकाले सामाजिक विकास क्षेत्र अन्तर्गत लिने नीति तथा कार्यक्रम प्रस्तुत गर्ने चाहान्छुः**

**२३. पन्ध्र शैयाको आधारभूत स्वास्थ्य सेवा** अस्पताललाई विशेषज्ञ सेवा सहित संचालन गरी स्वास्थ्य विमा विस्तार गरिनेछ । गाउँपालिकाको स्वास्थ्य प्रणालीलाई सर्वसुलभ, गुणस्तरीय, आधुनिक र प्रभावकारी बनाउन सामुदायिक स्तरमा स्वास्थ्य शिविर संचालन गरिनेछ र १५ शैयाको अस्पताललाई २४ घण्टा इमरजेन्सी तथा प्रसुति सेवा संचालन गरी प्रयोगशाला, एक्स-रे र अल्ट्रसाउण्ड सेवालाई नियमिति गरिनेछ । अस्पतालमा साप्ताहिक आँखा क्लिनिक संचालन गर्ने प्रबन्ध मिलाईनेछ ।

२४. **ज्येष्ठ** नागरिकको घरदैलोमा स्वास्थ्य सेवा संचालन, बाल स्वास्थ्य, पोषण, मातृ शिशु तथा किशोर-किशोरी, एवं अपाङ्गता भएका व्यक्तिको आधारभूत स्वास्थ्य सेवामा पहुँच सुनिश्चितताका लागि सम्पूर्ण स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गर्नुका साथै कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता विकासका लागि आवश्यक तालिम सञ्चालन गरिने ।

२५. **सुरक्षित** मातृत्व सेवालाई थप सुरक्षित र प्रभावकारी बनाई होम डेलिभरीलाई अन्त्य गर्न आधारभुत अस्पतालबाट Smart प्रसुति सेवा संचालन गरिनेछ । नियमित खोप सेवालाई थप प्रभावकारी रुपमा संचालन गरी पूर्ण खोप दिगोपनालाई सुनिश्चित गरिनेछ ।

२६. **GIZ** संस्था सँग सहकार्य गरि सबै स्वास्थ्य संस्थाको सामाजिक लेखापरीक्षण गरि स्वास्थ्य संस्थाले समाजमा परेको प्रभाव मूल्यांकन गरी प्राप्त पृष्ठपोषणलाई सुधारका औजारको रुपका विकास गरिनेछ ।

२७. **GIZ संस्था** ५० प्रतिशत लागत साझेदारीमा सरक्षित मातृत्व तथा ज्येष्ठ नागरिक स्वास्थ्य कार्यक्रम संचालन गरिनेछ ।

२८. **आयुर्वेद** सेवालाई प्रभावकारी बनाउन औषधी खरिद कार्यक्रमलाई निरन्तरता दिई बैकल्पिक चिकित्साको रुपमा विकास गरिनेछ र आयुर्वेद सेवामा नागरिकको पहुँच विस्तारका लागि गाँउघर क्लिनिक सेवालाई थप प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

२९. **शारीरिक र** मानसिक विकास तथा रोगप्रतिरोधात्मक क्षमता अभिबृद्धि गर्न सघाउ पुर्याउने पोषण, बाल स्वास्थ्य प्रबर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

३०. **स्वास्थ्य**, सुरक्षित, वातावरणमैत्री भान्सा सुनिश्चित गर्न गृहिणीहरुका लागि भान्सा सुधार कार्यक्रम निरन्तरता गरिनेछ ।

३१. **स्वास्थ्यका** सुचकहरु प्राप्त गर्न महत्वपुर्ण भूमिका निर्वाह गर्ने र स्वास्थ सचेतना अभिबृद्धि गर्न सहयोग गर्न महिला स्वयंमसेवीका सेवा सुविधा बृद्धि गरि मनोबल र उत्प्रेरणा अभिबृद्धि गरिनेछ ।

३२. **विद्यालयका** किशोरीहरुलाई आइरन खोवाउने तथा **screening** कार्यक्रमलाई अभियानका रुपमा संचालन गरिनेछ । गरुसिङ्गे सर्पदंश उपचार केन्द्र सँग सहकार्य गरी विजयनगर गाउँबासीका लागि निशुल्क उपचारको व्यवस्था मिलाईने कार्यलाई निरन्तरता दिईनेछ ।

**३३. शौक्षिक** गुणस्तर सुधारका लागि माध्यमिक शिक्षामा आवश्यक भौतिक तथा शैक्षिक पूर्वाधार विकास गर्ने कार्यलाई प्रभावकारी ढंगले सञ्चालन गर्दै भौतिक पूर्वाधारलाई विपद् उत्थानशील बनाई विपद्को अवस्थामा समेत शिक्षण सिकाइको अवस्थालाई निरन्तरता हुने व्यवस्था मिलाइनेछ ।

**३४. माध्यमिक** शिक्षालाई प्रविधिसँग आवद्ध गर्दै पहुँचयोग्य, गुणस्तरीय, सर्वसुलभ र समयसापेक्ष बनाउन निर्मित शिक्षा योजनालाई कार्यान्वयन गर्दै लगिनेछ,र विद्यालयमा शिक्षक विद्यार्थीको अनुपातलाई सन्तुलित बनाउन स्वयमसेवक शिक्षकलाई निरन्तरता दिनुका साथै शिक्षक दरबन्दी समायोजन तथा सरुवा प्रणालिलाई थप व्यवस्थीत गरिनेछ ।

**३५. उच्च** शिक्षा अध्ययन गर्ने जेहेन्दार विद्यार्थी एवं आर्थिक विपन्नताको कारण शैक्षिक अवसरबाट वञ्चित बालवालिकालाइ विद्यालय शिक्षाको पहुँच सुनिश्चितता गर्न छात्रवृत्ती कार्यक्रम सञ्चालन गरिनेछ,र विद्यालयको नियमित अनुगमन गर्ने र सोको प्रतिवेदन मासिक रुपमा शिक्षा समिति तथा कार्यपालिका बैठकमा पेश गरी पृष्ठपोषण गर्ने तथा सोको सार्वजनिकीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

**३६. धार्मिक** विद्यालयबाट हुने शिक्षण सिकाइ क्रियाकलापलाई मूलधारका विद्यालयसँग आवद्ध गर्ने मौलवी कक्षालाई थप स्तरीय एवं व्यवस्थित बनाउँदै लगिनेछ, र सबै बालविकास सहजकर्ताहरुको पारिश्रमिक समान गराई शिक्षकहरुलाई थप प्रोत्साहित एवं मनोबल अभिबृद्धि गरिनेछ । सबै तहका स्वयंमसेवक शिक्षक, मौलाना, स्थानिय तहबाट नियुक्त परिचर, विद्यालय सहायक तथा सहयोगीहरुको आकर्षक तलब बृद्धि गरी शिक्षकको मनोबल एवं उत्प्रेरणा अभिबृद्धि गरिनेछ ।

**३७. शिक्षकको** पेशागत दक्षता अभिवृद्धि गर्नका लागि सिकाई आदान प्रदान तथा मागमा आधारित क्षमता विकास तालिम सञ्चालनको व्यवस्था मिलाइनेछ,र **स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद"** भन्ने नारा आत्मसाथ गर्दै विद्यालय तहबाटै विभिन्न विधाको खेलकुद अभ्यास सञ्चालन गर्दै व्यवसायिक खेलाडी उत्पादनका लागि गाउँपालिका स्तरीय अध्यक्ष कप प्रतियोगितालाई थप व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।

**३८. आम** युवामा बढ्दै गएको नकारात्मक सोच र निरासालाई चिर्न युवालाई लक्षित गरी खेलकुद कार्यक्रम संचालन गरिनेछ ।

**३९. सुनौलो** १००० दिनका आमाहरुलाई लक्षित गरी पोषण शिक्षा तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ **र** संघीय सशर्त अनुदान कार्यक्रम र अन्य साझेदार संस्थासँगको सहकार्यमा सुत्केरी तथा वाल पोषणको अवस्थामा उल्लेख्य सुधारका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

**४०. पोषणमैत्री** स्थानीय शासन प्रबर्द्धनका लागि बिशेष कार्यक्रम संचालन गरि पोषण सुधारका कार्यक्रम संचालन गरिनेछ ।

**४१. बालविवाहमुक्त** गाउँपालिका निर्माणका लागि अभियान संचालन गर्दै पूर्व घोषित अवधि भित्र वालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्ने कार्यलाई सार्थक तुल्याउन योजनावद्ध कार्यक्रम सञ्चालन गरिनेछ । महिला, अपांगता भएका व्यक्तिहरू, यौनिक तथा लैंगिक अल्पसंख्यक, सीमान्तकृत तथा लोपोन्मुख समुदाय, बालबालिकाहरूको हकको संरक्षणका लागि निर्मित नीति, कानूनको प्रभावकारी कार्यान्वयन गर्नुका साथै आवश्यकता अनुसार थप योजना तथा कानूनको निर्माण तथा कार्यान्वयन गरिनेछ ।

**४२. छोरा र छोरी दुबै बराबरी"** भन्ने नारालाई व्यवहारमा लागु गर्न विगत वर्षदेखि सञ्चालनमा रहेको **"छोरी पढाउँ छोरी बचाउँ"** अभियानलाई निरन्तरता दिदै प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । दलित समुदायहरुलाई ब्राहमण पुरोहित कर्मकाण्ड अध्ययनका लागि प्रोत्साहान गरिनेछ ।

**४३. आमा** समूह, महिला समूह, एकल महिला, बाल क्लब, किशोर किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता तथा लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय लगायतको सवलिकरण एवं सशक्तिकरणका लागि योजना निर्माण तथा कार्यान्वयनका लागि अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै लगिनेछ ।

**४४. सामाजिक** सुरक्षाको दायरामा पर्ने अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिकहरुलाई परिचय-पत्र प्रदान गरी सोको अभिलेखिकरण एवं अद्यावधिकरण गर्नुका साथै खण्डिकृत तथ्यांक निर्माण गरी सोहि आधारमा सहायताका कार्यक्रम संचालन गरिनेछ ।

**४५. साइबर** अपराध नियन्त्रणका लागि बालबालिका तथा किशोर किशोरीलाई कानुनी उपचारको ज्ञान सहित सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ । उपाध्यक्ष सुत्केरी कोशेली कार्यक्रमलाई निरन्तरता दिदै आगामी बर्ष थप प्रभावकारी रुपमा संचालन गरिनेछ ।

**४६. ज्येष्ठ नागरिक** सम्मान तथा सहयोग कार्यक्रम मार्फत सामाजिक संरक्षण र सुरक्षा गरि आत्मसम्मान अभिबृद्धि गरिनेछ। थारु अगुवा वडघर महतोहरुलाई क्षमता विकासका लागि बिशेष कार्यक्रम संचालन गरिनेछ ।

**४७. लक्षित** वर्गका, समुदायलाई लोकसेवा सेवा आयोग तथा शिक्षा सेवा आयोगका तयारी कक्षा संचालन गरी सरकारी सेवामा आकर्षण गरिनेछ ।

**सभाका सदस्यज्यूहरु ,**

**अब म यस आगामी आ.व. २०८३/०८४ मा यस गाउँपालिकाले संस्थागत विकास तथा सुशासन क्षेत्र अन्तर्गत लिने नीति तथा कार्यक्रम प्रस्तुत गर्ने चाहान्छुः**

**४८. गाउँपालिका र** अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुमा सेवाग्राही प्रति उत्तरदायी भई सदाचार र आत्माअनुशासन कायम गरी सरल, सहज एवं शीघ्र रुपमा सेवा प्रवाह गर्न आवश्यक वातावरण मिलाइनेछ ।

**४९. नेपाल** सरकारको एकीकृत हाजिरी व्यवस्थापनलाई पुर्णरुपमा लागु गर्न माध्यमिक तहका विद्यालयमा विधुतिय हाजिरी प्रणाली कार्यान्वयन गरिनेछ ।

**५०. गाउँपालिकाले** पर्याप्त सेवा सुविधा सहित आ.व. २०८३/०८४ को कार्त्तिक महिना भित्र नयाँ प्रशासकीय भवनबाट सेवा प्रवाह गरिनेछ । एकल सेवा बिन्दुबाट सेवा प्रवाह र विकास व्यवस्थापन कार्य गरी कार्यालयको कार्यदक्षता तथा प्रभावकारीता अभिबृद्धि गरिनेछ ।

**५१. गाउँपालिकाबाट** सम्पादन हुने सेवा प्रवाहलाइ चुस्त दुरुस्त एवं समय सापेक्ष बनाउन सूचना प्रविधिमा आधारित बनाइनेछ,। गाउँपालिकाबाट उत्कृष्ट कार्य गर्ने कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, उपभोक्ता समिति, निर्माण व्यवसायी, करदाता, सञ्चारकर्मी, कृषक, टोल विकास संस्था र नमुना उद्यमी लगायतलाई गाउँसभाको बिशेष अवसर पारेर सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

**५२. नागरिकहरुको सूचनाको** हकलाई सुनिश्चित गर्न गाउँपालिकाबाट प्रवाह हुने सेवा तथा सम्पादन भए गरेका क्रियाकलापहरुलाई गाउँपालिकाको **Website** तथा आधिकारिक Facebookpageबाट नियमित रुपमा अध्यावधिक गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ । गाउँपालिकाको सेवा प्रवाह र विकास व्यवस्थापन पक्षलाई LGPAS सँग आबद्ध गरी देशमै उत्कृष्ट नतिजा ल्याउन आवश्यक प्रबन्ध गरिनेछ ।

**५३. व्यक्तिगत** घटना दर्ता, सामाजिक सुरक्षा भत्ता, नक्सा पास, राजस्व प्रशासन जस्ता जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषय र क्षेत्रको विद्युतीय प्रणालीमार्फत् शीघ्र सेवा प्रवाहको व्यवस्था मिलाउँदै थप प्रभावकारी बनाईनेछ ।

**५४. नियमित** रुपमा सार्वजनिक सुनुवाई गर्ने र सुनुवाइका बखत सेवाग्राही तथा अन्य सरोकारवाला पक्षबाट प्राप्त हुने गुनासोहरुको शिघ्र फछ्र्यौट गर्ने व्यवस्था मिलाइनेछ, । कर्मचारीहरुको समय पालना, अनुशासन र कार्यसम्पादनलाई पुरस्कार तथा प्रोत्साहन प्रणालीमा आबद्ध गरिनेछ ।

**५५. संस्थागत विकास,** सेवा प्रवाहका लागि प्रशासनिक खर्च र कार्यालय संचालन खर्चमा अभाव हुन नदिन पर्याप्त बजेटको प्रबन्ध गरिनेछ ।

**५६. करको** दायरा विस्तार र दर न्यूनिकरण गरी प्रगतिशिल कर प्रणाली लागु गरिनेछ । सबै किसिमका व्यवसायिक क्रियाकलापलाई करको दायरा ल्याई बजार अनुगमन प्रणालीलाई नियमित एवं व्यवस्थित गरिनेछ ।

**५७. गाउँपालिकाभित्र** दर्ता भई वा नभई सञ्चालित उद्योग व्यवसाय, क्लिनिक एवं अन्य व्यवसायहरुलाई गाउँपालिकामा अनिवार्य दर्ता तथा सूचिकरण विशेष अभियान सञ्चालन गरिनेछ ।

**५८. योजना** तथा कार्यक्रम अनुगमन प्रणालीलाई सहभागीतामुलक एवं नतिजामुखी बनाई जनताबाट प्राप्त पृष्ठपोषणलाई पुँजीको रुपमा ग्रहण गरी क्रमश सुधार गरिनेछ ।

**५९. कर्मचारीको** क्षमता विकासका उचित तालिमको प्रबन्ध गरी प्राप्त ज्ञान,सिप अनुभव र दक्षतालाई गाउँपालिकाको विकास र समृद्धिमा उयोग गरिनेछ ।

**६०. गाउँपालिकाको** कार्यविवरण र कार्यबोझको विश्लेषण गरी वस्तुपरक, बैज्ञानिक एवं वस्तुनिष्ठ व्यवस्थापन र सर्भेक्षण प्रतिवेदन ( O AND M ) SURVEY तयार गरि मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाईनेछ ।

**६१. गाउँपालिकाको** सेवा प्रवाह र विकास व्यवस्थापन आबश्यक नीति तथा कानुन निर्माण कार्यलाई शिघ्रता दिईनेछ ।

**६२. न्यायिक** समितिको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन आवश्यक स्रोत, साधन र प्रविधिको प्रबन्ध गरिनेछ ।

**सभाका सदस्यज्यूहरु ,**

**अव म यस आगामी आ.व. २०८३/०८४ मा यस गाउँपालिकाले पुर्वाधार विकास अन्तर्गत लिने नीति तथा कार्यक्रम प्रस्तुत गर्ने चाहान्छुः**

**६३. सर्वसुलभ** आधुनिक र गुणस्तरीय पुर्वधारको विकास गरी तुलनात्मक लाभ र उच्च प्रतिफल दिने योजनालाई प्राथमिकता दिईनेछ । दिगो र बलियो पुर्वाधारको विकास मार्फत विजयनगर गाउँपालिकालाई सुरक्षित र व्यवस्थित गाउँपालिकाका रुपमा विकास गरिनेछ ।

**६४. गउँपालिका भित्र** सञ्चालन हुने योजनाहरुलाई तोकिए बमोजिमको समय, परिमाण र गुणस्तरमा सम्पन्न गर्न उपभोक्ता समिति, टोल विकास संस्था र संलग्न कर्मचारीहरुलाई आवश्यक तालिमको व्यवस्था मिलाइनेछ ।

**६५. नक्शा** पास नगरी बनाएका घरहरुलाई प्रक्रिया पुऱ्याई अभिलेखिकरण गर्ने व्यवस्था मिलाइनेछ, । गाउँपालिकाभित्र निर्माण हुने संरचनालाई अपाङ्गमैत्री, वालमैत्री एवं महिलामैत्री बनाउँने कार्यलाई क्रमशः अनिवार्य गर्दै लगिनेछ ।

**६६. निर्माण** कार्य सम्पन्न भईसकेका पूर्वाधारको मर्मत संभार कार्यलाई नियमित गर्न मर्मत संभार कोषको स्थापना गरिनेछ । संघीय तथा प्रदेश सरकार र अन्य साझेदार संस्थासंग सहकार्य गरी पुर्वाधार विकासलाई प्रभावकारी गराईनेछ ।

६७. **गाउँपालिका लागि ROAD WAYS HUB** रुपमा विकास गर्न दिर्घकालीन सोच सहितको सडक गुरुयोजना निर्माण गरिनेछ । सडक संजालको विकास र विस्तार सँगै गाउँपालिकाको चौतर्फी विकास टेवा पुग्नेछ । **त्रिपालनगर- नेवलागन्ज-जवावैराठ-प्रगन्ना टोल सडक स्तरोन्नती तथा कालोपत्रे निर्माण कार्य** आगामी बर्ष भित्र सम्पन्न गरिनेछ ।

६८. **विजयनगर** गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ आगामी आ.व. कार्त्तिक महिना भित्र गाउँपालिकाले नवनिर्मित भवनबाट एकीकृत रुपमा सेवा प्रवाह गरिनेछ ।

**सभाका सदस्यज्यूहरु ,**

अव म यस आगामी आ.व. २०८३/०८४ मा यस गाउँपालिकाले वन वातावरण तथा विपद व्यवस्थापन समिति अन्तर्गत लिने नीति तथा कार्यक्रम प्रस्तुत गर्ने चाहान्छुः

६९. **विभिन्न** साझेदारी निकाय सँग दिगो विकास, जलवायु अनुकुलन र वातावरण संरक्षणका कार्यक्रम संचालन गरिनेछ । स्वच्छ तथा नविकरण उर्जा प्रबर्द्धनका लागि विधुतीय चुलो, सुधारिएको चुलो र घरायसी वायो ग्याँस प्लान्ट वितरणका कार्यक्रमलाई उच्च प्राथमिकताका सबै वडामा कार्यान्वयन गरिनेछ ।

७०. **नेपाल** जलवायु परिवर्तन सहयोग कार्यक्रम अन्तर्गत कार्य सम्पादनमा आधारित स्थानीय जलवायु अनुकुलनका क्रियाकलापहरु संचालन गरिनेछ । जलवायु उत्थानशील, समावेशी, जवाफदेही तथा दिगो स्थानीय पूर्वाधार निर्माणका लागि आवश्यक आवश्यक व्यवस्था मिलाइनेछ ।

७१. **प्राकृतिक** तथा मानवीय कारणबाट हुनसक्ने सम्भावित विपतको व्यवस्थापन गर्न तथा विपदबाट प्रभावित नागरिकहरुलाई राहत तथा उद्धारका लागि स्थानीय सुरक्षा निकायसँग सहकार्य गरिनेछ ।

७२. **स्थानीय** विपद व्यवस्थापन कोष मार्फत विपद व्यवस्थापन सम्बन्धि क्रियाकलाप संचालन गरिनेछ । विपद उत्थानशील कार्यक्रमलाई उच्च प्राथमिकता दिईनेछ ।

७३. **अग्नि** नियन्त्रणका लागि छिमेकी पालिकासँगको सहकार्यबाट वारुणयन्त्रको उपलब्धताको सुनिश्चितताका लागि समन्वय र सहकार्य गरिनेछ ।

**७४. वैकल्पिक** उर्जा प्रवर्द्धन केन्द्र, हरित जलवायु कोष र बिजयनगर गाउँपालिकाको लागत साझेदारीमा स्वच्छ उर्जा कार्यक्रम निरन्तरता दिदै थप प्रभावकारीरुपमा संचालन गरिनेछ र कार्बन उत्सर्जन तथा हरित जलवायु अनुकुलनका कार्यक्रमलाई थप प्रभावकारी बनाउन वडा स्तरीय प्रयोगात्मक तथा अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ ।

**७५. साझेदारी** निकाय सँग सहकार्य गरी जलवायु परिवर्तन अनुकुलन, जैविक विविधता संरक्षण तथा हरित अर्थतन्त्र प्रबर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

**७६. "स्वच्छ विजयनगरः सभ्य विजयनगर"** निर्माणका लागि सरसफाई तथा स्वच्छता सम्बन्धी अभियानलाई थप प्रभावकारी एवं व्यवस्थित बनाउँदै लगिनेछ ।गाउँपालिकाको Wash Plan व्यवस्थापन सूचना प्रणालीलाई सुदृढ तथा अद्यावधिक गरी सुचना र तथ्यमा आधारित योजना निर्माण गरिनेछ ।

**सभाका सदस्यज्यूहरु,**

**अन्त्यमा नीति तथा कार्यक्रमको सफल र सार्थक कार्यान्वयनका लागि गाउँपालिकाको मात्र एकल प्रयासबाट सम्भव छैन । सबै राजनितिक दल, सामुदायिक संघ संस्था, निजी क्षेत्र, गैर सरकारी संघ संस्था, नागरिक समाज, उपभोक्त संस्था, टोल विकास संस्था, युवा क्लब, आमा समुह, संचार जगत लागयत सचेत गाउँवासीको सहयोग र सदभावबाट मात्र नीति तथा कार्यक्रम कार्यान्वयन सम्भव छ । सिमित स्रोत साधानका बाबजुद पनि क्रमश विजयनगरबासीको चाहाना र आवश्यकता परिपूर्ति गर्न नीति तथा कार्यक्रम पुर्ण सफलता मिल्नेछ भन्ने भरोसा सहित नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै सरोकारवाला पक्षहरुको साझेदारी, समझदारी र पहरेदारीको अपेक्षा गर्दछु ।**

**धन्यवाद !!!**